# नयाँ सृष्टिको रहस्य

Pastor S. James

**Feb. 2nd, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद धन्यबाद धन्यबाद नयाँ शालको पहिलो महिना सम्म हामीलाइ समाल्नु भएकोमा धन्यबाद । तपाइको दोस्रो आगमण नजिक नजिक आएको छ । हामी संसारको लागी होइन प्रभु हामी हजुरको लागी तयारी गरीरहेका छौ प्रभु । तपाइको राज्य यो संसारमा आओस् तपाइको इच्छा हामीहरुको जीवनमा पुरा होस् । त्यो दिनको लागी मण्डली पर्खिरहेको छ प्रभु । यस बचन बाट हामीले तपाइको राज्यको र तपाइको इच्छाको बारेमा सिक्न सकौं । येशुको नाममा यो बिन्ति चढाउछौं । आमेन ।*

येहोशु १:१-२ शा परमप्रभुका दास थिए। नूनका छोरा यहोशू मोशाका सहायक थिए। मोशाको मृत्यु भए पछि, परमप्रभु यहोशूसित बात गर्नुभयो। परमप्रभुले भन्नुभयो,
[2] "मेरो दास मोशाको मृत्यु भयो। अब तिमी अनि यी मानिसहरू यर्दन नदी पार गरी जानु पर्छ। तिमीहरू त्यो भूमिमा अवश्यै जानु पर्छ जुन चाहि तिमीहरू इस्राएलका मानिसहरूलाई दिदैछु।

इजरायल जातीको लागी यो एउटा नयाँ सुरुवात हो ।यहोशुको नेतृत्वमा उनीहरुको लागी नयाँ जीवन , नयाँ देश सबै चिज नयाँ हुन्छ । यो नयाँ कुरा पाउनको लागी पुरानो कुराहरु मर्नु पर्छ । पुरानो कुराहरु मरेन भने नयाँ कुराहरु हुन सक्दैन जसको लागी परमेश्वर पुरानो कुराहरु नमरे सम्म पर्खिनुहुन्छ । परमेश्वर मोसा मर्नको लागी पर्खिनु भयो । इजरायलीहरुको पहिलो पुस्तामा सबै भन्दा अन्तिम मृत्यु मोसाको भएको थियो र मोसा मरे पछि ३० दिन दुख मनाउन परमेश्वरले दोस्रो पुस्ताका इजरायलीहरुलाइ दिनु भयो ।

व्यबस्था ३४:८ [8] इस्राएलीहरूले मोशाको लागि तीस दिनसम्म विलाप गरे। तिनीहरू मोआबको यर्दन बेंसीमा शोकको समय पूरा नहुञ्जेलसम्म बसे।

मोशा मरे पछि र मोशा संग जो जो पुरानो पुस्ताहरु थिए ति सबै मरे पछि परमेश्वरले यहोशुसित भन्नुभयो । अब इजरायलीहरु नयाँ भुमिमा जानु पर्छ । परमेश्वरले जब सम्म हाम्रो जीवनमा पुरानो कुराहरु छ भने हामीलाइ उहाँले नयाँ जीवनमा लिएर जानुहुन्न । अब्राहमको जीवनलाइ हेर्ने हो भने उसले घरदेखि अन्तिम सम्म बोकेर हिडेको लुतलाइ हो । जुन दिन देखि लोत अब्राहाम देखि अलग भयो त्यसदिन देखि परमेश्वरले अब्राहाम संग उठ र नयाँ भुमिमा जा भनेर बोल्नुभयो ।

युहन्ना १:१७ [17] मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो।

जब सम्म हाम्रो जीवनमा ब्यबस्था मर्दैन (ब्यबस्था भन्नाले मोशा) तब सम्म हाम्रो जीवनमा येशु आउनुहुन्न । ब्यबस्था छुटकारा र स्वतन्त्रता लिएर कहिले पनि आउदैन । ब्यबस्थाले मान्छेलाइ बन्धनमानै राख्छ । येशुले सत्य र स्वतन्त्रता लिएर आउनुहुन्छ । त्यो स्वतन्त्रता पाउनको लागी ब्यबस्था अर्थात पुरानो कुराहरु मर्नु पर्छ । जब सम्म ब्यबस्था मर्दैन हामीले सत्य देख्न सक्दैनौ । सत्यमा चल्नको लागी हामीलाइ सामर्थ को जरुरत पर्दछ । सामर्थ भन्नाले अनुग्रह हो । ब्यबस्थामा केहि गलत कुरा छैन ।

रोमी ७:१२ [12] तब त्यसैले व्यवस्था नै पवित्र हो, अनि आज्ञा पनि पवित्र, धार्मिक र राम्रो हो।

ब्यबस्था पबित्र छ । ब्यबस्था मेरो छोरा मोशा हो उ त पबित्र छ । र पनि ब्यबस्था मर्नु पर्छ जब सम्म मोशा मर्दैन परमेश्वर यहोशु संग बोल्नुहुन्न । प्रस्थान देखि ब्यबस्था सम्म मोशा सम्म मात्र परमेश्वर बोल्नुहुन्छ । जब मोशा मर्छ तब मात्र परमेश्वर येहोशु संग बोल्नुहुन्छ । यो सबै कुराहरु आत्मिक सत्य हो । हामीले मोशाको मृत्यु हेरेको होइन हामीले ब्यबस्थाको मृत्यु हेरेको हो । त्यसैगरी हामीले यहोशुको जीवन हेरेको होइन हामीले नयाँ जीवन हेरेको हो । दोस्रो पुस्ता भन्नाले यो पुरै रुपमा नयाँ पुस्ता हो । जो यर्दन नदि पार गर्नु पर्छ ।

येहोशु ५:१२ [12] भोलिपल्ट बिहान स्वर्गबाट विशेष भोजन आउन बन्द भयो। मानिसहरूले कनान देशमा उम्रिएका खाद्य पदार्थ खाएको पछिल्लो दिन यस्तो भयो। त्यसबेला देखि यता इस्राएलका मानिसहरूले स्वर्गबाट विशेष भोजन पाएनन्।

४० शाल मन्न खाएकाहरुको लागी मन्न पनि रोकियो । त्यो देशमा जे उम्रिन्छ त्यहि खान्छ सबै बदलियो त्यो हो येशुको जीवन । उनीहरुको तिन ओटा जीवन भयो मिश्र देशको जीवन ,दोस्रो उजाड स्थानको जीवन र तेस्रोमा प्रतिज्ञाको देशको जीवन त्यसैगरी हाम्रो पनि तिन ओटा जीवन थियो । पहिला संसारको जीवन , दास्रो संसारको जीवन देखि बच्यो फेरि उजाड स्थानमा घुमेको घुमेकै सत्य आयो तर सत्यलाइ स्वीकार गर्न चाहदैनौ र ब्यबस्थालाई छोड्दैनौ र बालकको रुपमा नै थियौ र तेस्रोमा प्रतिज्ञाको देशमा जादैछौ मतलब येशु मशिहको जीवनमा प्रबेश गर्छौं । यो जीवन बिश्वासको जीवन हो ।

२कोरिन्थी ५:७ [7] हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

हाम्रो बिश्वास देखिने कुराको आधारमा हुनुहुन्न नत्र भने हामी बिश्वासमा लड्छौ ।

२कोरिन्थी ५:१७ [17] यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ मानिस बनिएको छ। पुराना कुराहरू बितेर गए, हरेक कुरो नयाँ छ।

यो नयाँ जीवन बिश्वास द्धारा मात्र आउछ । ब्यबस्था र सत्य र अनुग्रह हामी मिलाउन सक्दैनौ । बिश्वासको जीवन , आत्माको नयाँ ब्यबस्थाको लागी हो अनुग्रह ।

एफिसी ६:१४ [14]यसैले, कम्मरमा सत्यको पटुका कसेर, धार्मिक जीवनको छाती-कवच पहिरेर

कमरमा सत्यको पटुका यो कमरको पटुका साधारन होइन यो पटुका रोमी सिपाहीहरुले लगाउने कमर पेटिको माथि सबै ढाल अडेको हुन्छ । जब उनीहरु लडाइ सकेर घरमा आएर कमर पेटि मात्र खोल्दा खेरी सबै बाकि छाति पाता देखि लिएर सबै त्यहि संग निक्लेर आउछ । येशु सत्य लिएर आउनु भयो सबै भन्दा मुख्य कुरा लिएर आउनुभयो ।

[16]अनि यी सँगै विश्‍वासको ढाल प्रयोग गर जसले दुष्टात्माको जम्मै जल्दो वाणलाई निभाउँदछ।

[17]परमेश्‍वरको मुक्तिलाई आफ्नो शिर रक्षक बनाऊ अनि परमेश्‍वरको वचन समात जुन आत्माको तरवार हो।

सत्यको कम्मर पेटि , बिश्वासको ढाल , आत्माको तरबार र मुक्तिको टोप हुन जरुरी छ । यो संसारको लडाइ जस्तो होइन हाम्रो यो लडाइ उत्तम लडाइ हो । यो उत्तम लडाइको लागी सत्य चाहियो किनभने येशु सत्य लिएर आउनुभएको हो । सैतानको सबै युक्तिको बिरुद्धमा बिश्वासको ढाल चाहियो । हातमा आत्माको तरबार मतलब परमेश्वरको बचन र शिरमा मुक्तिको टोपि लाएर मात्र हामी येशुमा अगाडी बढ्न सक्छौ । नयाँ बिश्वासीको लागी सत्य चाहिन्छ पुरानो मान्छेको लागी चाहिदैन । सबै नयाँ भयो भन्नुको मतलब अब पापको स्वरुपमा होइन धार्मिक्ताको स्वरुपमा पाप रहित जीवनको सुरुवात हुनु हो । पाप रहित सुरुवात हुदा खेरी परमेश्वरको बचनमा ६६ पुस्तकमा ११८९ अध्याय छ । यति अध्यायमा पाप रहित ब्यक्तिको लागी ४ अध्याय मात्र छ । सुरुको २ अध्याय र अन्तको २ अध्याय । उत्पतीको पहिलो अध्याय र दोस्रो अध्यायमा पाप नै छैन र प्रकासको अन्तिम २१ र २२ अध्यायमा पाप छैन । बाकि सबै अध्यायमा पाप छ । त्यसैले हामी प्रभुको मार्ग , प्रभुको कम कस्तो हो त्यो जान्नको लागी र त्यसमा हिड्नको लागी यो २ अध्यायहरुमा जान जरुरी छ । एउटा नयाँ मान्छे सानो बालक जस्तो हुन्छ जसको मन खाली हुन्छ ।

उत्पत्ति १:१-२ रम्भमा परमेश्‍वरले आकाश र पृथ्वी सृष्टि गर्नु भयो।
[2]पृथ्वी शून्य थियो, पृथ्वीमा केही पनि थिएन। समुद्रलाई अँध्यारोले ढाकेको थियो अनि परमेश्‍वरको आत्मा पानीमाथि परिभ्रमण गरिरहन्थ्यो।

पहिलो पृथ्वीको बारेमा लेखेको कुरा यो हो कि पृथ्वी आकार बिनाको थियो । दास्रो शुन्य थियो र तेस्रोमा अन्धकार थियो । परमेश्वरले यो तिन कुराहरुलाइ हेर्नुभएको थियो तर परमेश्वर आशाको परमेश्वर भएको कारण उहाँ संग एउटा आशा थियो । त्यो आशाको अनुसार परमेश्वरले ३ पदमा यसरी भन्नुभयो ।

3 तब परमेश्‍वरले भन्नुभयो, “उज्यालो होस्!” अनि उज्यालो चम्कन थाल्यो।

परमेश्वरले भन्नुभयो उज्यालो होस् । उज्यालो छैन भने आकार हुदैन । अन्धकार सुन्य हुन्छ । यदि हामी घर पुगे पछि सबै भन्दा पहिला हामी लाइट अन गर्छौ । उज्यालो छैन भने घर भित्र धेरै सामानहरुले भरेता पनि केहि देखिदैन र केहि कुरा पनि गर्न सकिदैन । त्यसैले परमेश्वरले सबै भन्दा पहिला उज्यालो होस् भन्नुभयो । त्यसैले मानिसको जीवनमा पनि सबै भन्दा पहिला चाहिएको कुरा उज्यालो हो ।

भजनसग्रह ११९:१३० [130]कुनै ज्योतिले तिनीहरूलाई बाँच्ने ठीक तरिका देखाए झैं मानिसहरूले तपाईंको शब्दहरू बुझ्न शुरू गरे। तपाईंका वचनले सामान्य भन्दा सामान्य मानिसहरूलाई सम्म बुद्धिमानी बनाउँदछ।

मेरो प्राणको भित्र आकार थिएन सुन्य थियो परमेश्वरको बचन पहिलो चोटि उज्यालो भएर आए पछि हाम्रो जीवनमा आकार आउछ । ज्ञान , बुद्धि र समझ आएर हुदैन परमेश्वरको उज्यालो आउनुपर्छ । जब सम्म हाम्रो हृदयमा परमेश्वरको उज्यालो आउदैन हामी अन्धकारमानै हुन्छौ । उज्यालो हाम्रो दिमाखमा मनमा होइन हाम्रो हृदयमा आउन जरुरी छ । जब हाम्रो हृदयमा उज्यालो आए पछि हाम्रो हृदयको अन्धकार हामीले देख्न सक्छौ । र साथै परमेश्वरको ज्योतिमय मुहार हेर्न सक्छौ । ज्योति आयो तर पनि अन्धकार पनि छ । ज्योति र अन्धकारलाइ अलग अलग गर्नुभयो । परमेश्वरले जब ज्याति देख्नु भयो उहाँले ज्योतिलाइ असल छ भन्नुभयो । हाम्रो अन्धकारले भरिएको जीवनमा परमेश्वरको ज्योति हाम्रो जीवनमा आउदा खेरि हाम्रो पापको स्वीकार गरेर प्रस्चाताप गरेर येशुलाइ स्वीकार गर्दा खेरि त्यो ज्याति भएको जीवनलाइ हेरेर मात्र परमेश्वर भन्नुहुन्छ त्यो असल छ ।

रोमी ७:१८ [18]हो, म जान्दछु कि राम्रो भन्ने केही कुरो ममा छैन, म असल कुरा गर्न चाहन्छु तर गर्न असमर्थ छु।

म मा केहि असल कुरा छैन भन्ने कुरा ज्योति आए पछि थाहाँ हुन्छ । येशु हो ज्याति उहाँमा हो जीवन यदि म मा असल कुराहरु छ भने म संग येशु हुनुहुन्छ होइनभने येशु मेरो जीवनमा हुनुहुन्न ।

प्रेरित २६:१८ [18]तिमीले मानिसहरूलाई सत्य देखाउनेछौ। मानिसहरू अन्ध्यारोबाट उज्यालोमा फर्कनेछन्, बद्लिनेछन् अनि शैतानको शक्तिबाट परमेश्‍वरमा ढल्किनेछ। त्यसपछि तिनीहरूको पापहरू क्षमा गरिनेछ अनि मेरो विश्‍वासले जो मानिसहरू पवित्र पारिएकोछन् तिनीहरूसंग एक बनाइनेछ।’”

आखाँ देखि ज्याति आउछ । आखाँ खोल्दा खेरि ज्योति आउछ ज्योति आए पछि अन्धकार जान्छ र शैतान बाट परमेश्वर तर्फ र त्यस पछि येशुमा बिश्वास द्धारा पापको क्षमा पाउछौ ।

उत्पत्ति १:४ [4]परमेश्‍वरले उज्यालो देख्नु भयो अनि त्यसलाई असल मान्नु भयो। तब परमेश्‍वरले उज्यालो र अँध्यारोलाई छुट्याउनु भयो।[4]परमेश्‍वरले उज्यालो देख्नु भयो अनि त्यसलाई असल मान्नु भयो।

परमेश्वरले अन्धकार र उज्यालोलाइ अलग अलग गर्नुभयो । परमेश्वरको बचन ज्याति हो । त्यसैले परमेश्वरले हाम्रो जीवनमा पनि अन्धकार र ज्यातिलाइ अलग अलग गर्नुहुन्छ ।

6 तब परमेश्वरले भन्नुभयो, "पानीलाई दुइ भाग पार्न त्यहाँ बतास होस्!"
7 यसर्थ परमेश्वरले त्यहाँ बतास सृष्टि गर्नुभयो अनि पानी छुट्टियो। केही पानी बतासमाथि रहयो अनि केही पानी बतास मुनि।

8 परमेश्वरले त्यस बतासलाई "आकाश" नाउँ दिनु भयो। साँझ पर्यो अनि बिहान भयो। यो दोस्रो दिन थियो।तेस्रो दिन - सुख्खा भूमि र उद्भिद
9 तब परमेश्वरले भन्नुभयो, "आकाश मुनिको पानी एकै ठाउँमा जम्मा होस्, र त्यहाँ सुख्खा भूमि देखियोस्।" अनि त्यस्तै भयो।
10 त्यो सुख्खा भूमिलाई परमेश्वरले "पृथ्वी" नाउँ राख्नु भयो। अनि एकै ठाउँमा जम्मा भएको पानीलाई "समुद्र" नाउँ राख्नु भयो। परमेश्वरलाई यस्तो भएकोमा असल लाग्यो।
11 तब परमेश्वरले भन्नुभयो, "पृथ्वीमा घाँस, अन्न उत्पन्न गर्ने उद्भिद तथा फल हुने बोटहरु उम्रियोस्। फल-रूखहरुले बीउ भएका फल फलाउने छन्। अनि प्रत्येक रूखले
आफ्नै जातिका बीउ उब्जाउनेछ। यी उद्भिदहरू पृथवीमा उम्रिउन्।" अनि यस्तै भयो।
12 पृथ्वीमा घाँस र उद्भिदहरू उम्रे अनि अन्नहरू फले। अनि पृथ्वीमा फलभित्र बीउहरु हुने फल फल्ने रुखहरु उम्रिए। प्रत्येक उद्भिदले आफ्नै प्रकारको बीउहरु सिर्जना गरे।
अनि परमेश्वरले यिनलाई देखेर असल मान्नु भयो।

समुन्द्र भनेको न्यायको चिन्ह हो । हाम्रो जीवनमा ज्योति आएपछि कति कुरामा न्याय बाट हिड्नु पर्छ ।

प्रकाश २१:१ ब मैले एउटा नयाँ स्वर्ग अनि नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग अनि पृथ्वी अदृश्य भयो। अब त्यहाँ सागर थिएन।

प्रकास २० अध्यायमा न्याय भएर न्याय समाप्त हुन्छ त्यसपछि पाप नै छैन २१ अध्यायमा समुद्र त हुदै हुदैन समुन्द्र त न्यायको चिन्ह हो। मतलब ँन्याय सकिन्छ । त्यस पछि सबै अलग हुन्छ नयाँ शृष्टि हुन्छ ।

प्रकाश २१:२३-२५ 23 नगरलाई उज्यालो पार्न सूर्य अनि चन्द्रमा चाँहिँदैनथ्यो किनभने परमेश्वरको महिमाले त्यो नगरलाई प्रकाश दिन्छ अनि भेंडाको पाठा नगरको बत्ती
हो।
24 संसारका राष्ट्रहरु नगरको प्रकाशमा हिँडनेछन्। पृथ्वीका राजाहरुले आफ्ना गौरव त्यो नगरमा ल्याउने छन्।
25 नगरको ढोकाहरु कुनै दिन, बन्द रहेन, किनभने त्यहाँ रात छैन।

नयाँ शृष्टिमा समुन्द् पनि हुदैन अन्धकार पनि हुदैन । हामीले यो बुभ्नु पर्छ । म नयाँ शृष्टि हु र पनि मेरो अन्तमा न्याय द्धारा म जानु पर्छ । र न्याय द्धारा गए पछि अब न्याय गर्नको लागी मेरो जीवनमा केहि पनि बाकि छैन । अब मेरो जीवनमा ज्योतिले भरेको छ । र अन्धकार पनि मेरो जीवनमा छैन । यो हो मेरो आशा । आशाको अनुसार हुन्छ बिश्वास । देखेको अनुसार बिश्वास होइन तर बोलेको अनुसार बिश्वास हो । मेरो सुरुवात उत्पत्तिको १ अध्यायको १ र २ मा छ भने मेरो अन्त कस्तो हुन्छ भन्ने कुरा प्रकाश २१ र २२ अध्यायमा हेर्न सक्छौ । यदि हामीले हाम्रो शुरुवात र अन्त यि दुइ पुस्तकमा हेर्दैनौ भने र हामीले हाम्रो आशा संसार संग जोड्छौ भने हाम्रो जीवन अन्धकारमा नै हुन्छ । हाम्रो आशा संसारको जस्तो हुनुहुदैन हाम्रो आशा परमेश्वरमा नै हुनुपर्छ । परमेश्वरले पहिले गर्ने कुरा के हो ?

उत्पत्ति १: ११-१५ 11 तब परमेश्वरले भन्नुभयो, "पृथ्वीमा घाँस, अन्न उत्पन्न गर्ने उद्भिद तथा फल हुने बोटहरु उम्रियोस्। फल-रूखहरुले बीउ भएका फल फलाउने
छन्। अनि प्रत्येक रूखले आफ्नै जातिका बीउ उब्जाउनेछ। यी उद्भिदहरू पृथवीमा उम्रिउन्।" अनि यस्तै भयो।
12 पृथ्वीमा घाँस र उद्भिदहरू उम्रे अनि अन्नहरू फले। अनि पृथ्वीमा फलभित्र बीउहरु हुने फल फल्ने रुखहरु उम्रिए। प्रत्येक उद्भिदले आफ्नै प्रकारको बीउहरु सिर्जना गरे।
अनि परमेश्वरले यिनलाई देखेर असल मान्नु भयो।
13 साँझ पर्यो अनि बिहान भयो। यो तेस्रो दिन थियो।
14 तब परमेश्वरले भन्नुभयो, "आकाशमा उज्यालो होस्। यी उज्यालाहरुले दिनहरुबाट रातहरुलाई छुट्याउनेछन्। यो उज्यालाहरुलाई विशेष चिन्हहरुको निम्ति प्रयोग
गरिनेछन् र यिनीहरुले सभाहरु कहिले हुने बताउनेछन्। अनि यिनीहरुलाई दिनहरु र वर्षहरु बताउनमा प्रयोग गरिनेछ।
15 यी उज्यालाहरु पृथ्वीमा ज्योति चम्काउनको निम्ति आकाशमा रहनेछन्।" अनि यस्तै भयो।

परमेश्वरले सबै भन्दा पहिला बोट बीरुवाहरुको शृष्टि गर्नुभयो । खास गरी यो संसारको सबै जिबहरु बोटबिरुवा द्धारा बाच्छन् । यसरी परमेश्वरले जीवहरु बाच्नको लागी चाहिने थोक बनाउनु भयो त्यस पछि त्यसको साथ साथै एउटा नियम पनि बनाउनु भयो ।

उत्पत्ति ८:२२ 22 जहिलेसम्म पृथ्वी रहन्छ, बिउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, दिन अनि रातको कहिल्यै अन्त हुनेछैन।"

परमेश्वरले यहा एउटा नियम कानुन राख्नुभयो । बिउ छर्ने समय फसल काट्ने समय त्यस्तै गरी जाडो गर्मी र शिशिर र दिन र रात यो नियमको अन्त कहिले हुदैन यो नियम अन्त सम्म रहिनैरहन्छ ।

२कोरिन्थी ४:१८ 18 त्यसैले हामीले देख्न नसकिने कुराहरू हामी सोच्छौं तर जे देख्छौं ती विषयमा होइन। प्रत्यक्ष देखिने कुराहरू क्षणिक हुन्छन् अनि हामीले देख्न
नसकिने कुराहरू चाँहि सँधैको लागि हुनेछ।
परमेश्वरको नियमहरु देख्न सक्दैनौ । एउटा नानी लड्यो भने हामी देख्न सक्छौ तर उ किन लडयो त्यसको कारण हामी देख्न सक्दैनौ । त्यो नानीले नियम तोडेको कारण लडेको हो । हामीले त्यो अदृश्य कुराको नियम तोड्यो भने हामी लड्छौ तोडेन भने हामी लड्दैनौ । परमेश्वरले बिउ छर्ने र कटनी दुबैको अलग अलग समय राख्नु भएको छ ।

१पत्रुस १:२३ 23 तिमीहरु फेरि जन्मेका छौ। यो नयाँ जीवन नष्टमय वस्तुबाट आएको होइन तर यो जीवन नष्ट नहुने वस्तुबाट आएको छ। तिमीहरु सर्वदा रहिरहने
परमेश्वरको अन्त नहुने सजीव सन्देशद्वारा जन्माइएका हौ।

हाम्रो नयाँ जीवन बिनासी बिउ बाट होइन अबिनासी बिउ बाट शृष्टि गरीएको छ ।त्यो अबिनासी बिउ बाट मात्र उम्रिन्छ र त्यो जति पनि उम्रेको बिउ सबै अबिनासी बिउ हुन् । हामीले छुट्टाउनु पर्छ कि मेरो जीवन बाट उम्रिने कुरा बिनासी हो या अबिनासी हो । हामीलाइ परमेश्वरले चार कुराहरु दिनुभएको छ । हामी स्कुलमा परिक्षा दिन लाइ बस्दा जब सम्म घण्टि बज्दैन तब सम्म प्रस्न पत्र हाम्रो हातमा दिदैनन् । त्यसको समय हुन्छ । त्यसरी नै परमेश्वरको पनि एउटा समय छ । पहिला परमेश्वरले हामीलाइ समय दिनुभएको छ दोस्रोमा हामीलाइ सामर्थ तागत दिनुभएको छ । तेस्रोमा हामीलाइ पैसा लगाएत थोकहरु दिनुभएको छ र चौथोमा हामीलाइ बरदान र साथै ट्यालेन्टहरु दिनुभएको छ ।त्यस कारणले हामी अबिनासी बिउ बाट जन्मिनु पर्छ । हामीमा केहि पनि असल कुराहरु छैन तर येशुमा सबै कुराहरु असल हुन्छन् ।

२ तिमोथी ४:१३ [13]म त्रोआसमा हुँदा त्यहाँ कार्पसकहाँ मैले कोट छोडें। तिमी आउँदा त्यो पनि ल्याइदिनु। ती अत्यन्त आवश्यकीय हुन्।

किन कोट लिएर आउ भने किनभने जाडो आएको छ । हाम्रो सबैको जीवनमा एउटा जाडोको समय आउछ । त्यो समयमा अबिनासी बिउले काम गर्छ अर्कै तरिकाले काम गर्छ । त्यति खेर आत्मिक रुपमा झन् मजबुत हुनुपर्छ । याकुबको १२ छाराहरु थिए तर एक जनाले मात्र त्यो रितुहरु सदुपयोग गर्‍यो । त्यसैले उसको इतिहास उसको जीवनको अन्त सम्म उसको जीवनको ११० शाल सम्म को इतिहास हामीले सुन्छौ तर बाकि भाइहरुको इतिहास नै छैन उनीहरुको पापको कुरा मात्र हामी सुन्छौ ।

गलाती ६:७[7]आफूले आफैलाई धोखा नदेऊ, तिमी परमेश्वरलाई ठग्न सक्दैनौ। मानिसले जे रोप्छ त्यही फल्छ।

उत्पत्ति १ मा परमेश्वरले एउटा नियम राख्नुभयो । जे हामी रोप्छौ त्यहि हामी पाउछौ ।

[8]यदि कसैले आफ्नै पापपूर्ण खेतमा खेती गर्छ भने उसले विनाश उब्जाउँछ। तर कसैले आत्माको खेतमा खेती गर्छ भने उसले आत्माबाट अनन्त जीवन उब्जाउँछ।

जसले आत्मा बाट रोप्दछ त्यसले आत्मा बाट नै कटनी गर्नेछ । परमेश्वरले एउटा व्यबस्था त्यहाँ राखिदिनु भएको छ । जसले नयाँ जीवन पाएको छ त्यसले आत्मामा रोप्नु पर्छ । येशुले भन्नुभयो मेरो बचन आत्मा र सत्य र जीवन हो । त्यसको अनुसार बिश्वासमा रोप्नु पर्छ। परमेश्वरले सबै शृष्टि गरिसके पछि ७ औ दिनमा

उत्पत्ति १:२७[27]यसर्थ परमेश्वरले आफ्नै प्रतिरूपमा मानिसलाई सृष्टि गर्नुभयो। परमेश्वरले आफ्नै स्वरुपमा मानिसलाई सृष्टि गर्नु भयो। उहाँले पुरुष र स्त्री सृष्टि गर्नुभयो।

परमेश्वरले मान्छेलाइ उहाँ कै श्वरुपमा शृष्टि गर्नु भयो । बाकि जति पनि चिजलाइ बनाउनु भयो उहाँको श्वरुपमा बनाउनु भएन । परमेश्वरले हामीलाइ उहाँको ज्ञानमा उहाँको बुद्धिमा र उहाँको सक्तिमा बनाउनु भएन तर उहाँको स्वरुपमा बनाउनु भयो । त्यसैले हामीले के बोल्छौ के सोच्छौ होसियार हुनुपर्छ । बिश्वासमा आशा भनेको के हो ?

हिब्रु ११:१ श्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित छ। अनि विश्वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

बिश्वास नदेखेको कुरामा भरोसा राख्नु हो । जाहाँ आशा छैन त्यहाँ लक्ष्य छैन । आशाले लक्ष्य देखाउछ । यदि म अन्धकारमा छु भने मेरो आशा ज्योति पाउनु हुन्छ । जकरियाले अगमबाणि बोल्दा खेरि अन्धकारमा बसेकाहरुको लागी ज्योति आउदैछ भनेर एउटा आशाको अगमबाणी बोले । जो जति पनि बिमारमा छन् उनीहरुको लागी आशा हो चगाँइ । बिमार मान्छे देख्ने कुरामा बिश्वास छ भने डक्टरकोमा जान्छ । औषधि खान्छ । आशा के हो ? चगाँइ यदि नदेखेको कुरामा बिश्वास हो भने बचनमा भनेको छ यदि तिमीहरु बिमारी छौ भने मण्डलीका धर्म गुरुहरुलाइ बोलाएर प्रार्थना गर र तिमी निको हुनेछौ र उसले त्यस्तै गर्नेछ । सबै देखेको कुरा गलत होइन तर हामीलाइ बचनले भन्दछ नदेखेको कुरामा बिश्वास गरेर चल त्यसैले हामी नदेखेको कुरामा आशा राखेर हिड्ने हुनुपर्छ । हामीले बुझ्नु पर्ने कुरा चाहि यो हो कि हाम्रो आशा के मा हो र आशाको प्रमाण के हो ? स्कुलमा पढ्ने नानीहरुलाइ हामी सोध्छौ तिम्रो पढे पछि आशा के हो ? नानी हरुले भन्छन् कसैले डक्टर कसैले आइ यस अफिसर कसैले बिभिन्न कुराहरु भन्छन् । अनि कति जनाको जीवनमा आशा त हुन्छ तर बिश्वासको काम नै हुदैन जस्तै उनीहरु मन लगाएर पढ्दैनन् । होमओर्क गर्दैनन् । बिश्वासको पनि काम हुन्छ काम बिनाको बिश्वास मरेको बिश्वास हो । बिश्वास सुनाइ बाट आउछ भने सुनाइ ख्रीष्टको बचन बाट आउछ । बिश्वास परमेश्वरले के भन्नुभयो त्यसको माथि हो ।

मर्कुस ४:१३ [13]येशूले आफ्ना चेलाहरूलाई भन्नूभयो, "के तीमीहरूले यो कथा बुझ्न सक्छौ? यदि तिमीहरूले बुझ्न सकेनौ भने कसरी अरू दृष्टान्त भुझ्ने छौ?
[14]यो किसान त्यस्तै एक जना मानिस जस्तै हो जसले परमेश्वरको वचनलाई छर्दछ।

बिउ छर्नेले परमेश्वरको बचन छर्दछ । उत्पत्ति को पुस्तक देखि नै एउटा ब्यबस्था अर्थात नियम चलिनै आएको छ त्यो कहिले पनि बदलिदैन मान्छेले जे रोप्छ त्यसैको कटनी गर्छ र त्यसको साथ साथै रोप्नेको र कटनीको अलग अलग समय हुन्छ ।

[15]कहिलेकहीं ती वचनहरू बाटोतिर छरिन्छन्। यी सब ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको वचन सुन्दछ, अनि शैतान आउँछ अनि तिनीहरूमा रोपिएका वचनलाई लगेर जान्छ।

तुरुन्त सैतान आएर त्यो बिउ छिनी हाल्छ । सैतानले हामीहरुको हृदयमा छरेको बचन खोसेर लान्छ मनमा छरेको बचन होइन । किनभने परमेश्वरको बचनले मनमा पहिला काम गर्दैन पहिला हाम्रो हृदयमा काम गर्छ ।

मत्ति १३:१९ [19]बाटोमा छरिएको बीऊ के हो? त्यो बीऊ त्यो मानिस जस्तो हो जसले राज्यको बारेमा केही उपदेश सुन्छ तर बुझ्दैन। दुष्ट आउँछ अनि उसको मनमा रोपिएको कुराहरू लैजान्छ।

परमेश्वरको राज्यको बिउ छर्दा सुन्छ तर बुझ्दैन ।

हिब्रु ११:३ 3 विश्वासद्वारा हामी बुझ्दछौं कि परमेश्वरले आफ्नो आदेशद्वारा यो संसारको सृष्टि गर्नुभयो। यसले हामी बुझ्दछौ जो दृश्य छ त्यो कुनै अदृश्यद्वारा बनाइएको थियो।

बुझ्नको लागी ज्ञान र बुद्धि होइन बिश्वास चाहिन्छ । परमेश्वरको राज्यमा ज्ञानले होइन बुझ्ने बिश्वासले बुज्न सक्छौ । जसको हृदयमा बिश्वास छैन त्यसको मनमा जति ज्ञान भए पनि उसले बुझ्दैन र सैतान आएर उसको मनको होइन हृदयको बिउ छिनेर लैजान्छ । सैतानले हामीहरुको हृदयमा मनमा पस्न सक्दैन तर हाम्रो जीवनको कामहरु देखेरै थाहाँ पाउछ यो संग परमेश्वरको बचनको मनमा ज्ञान त छ तर हृदयमा बिश्वास छैन ।

मर्कुस ४:१६-१७ 16 अरूहरू चट्टान भएको माटोमा छरिएका बीऊहरू जस्तै हुन तिनीहरू वचन सुन्दछन् अनि तत्कालै आनन्दसाथ स्वीकार गर्दछन्।
17 तर तिनीहरूले आफ्नो जीवनमा गहिरो रुपमा ती वचनहरू ग्रहण गर्दैनन्। तिनीहरूले क्षणिक रूपमा मात्र यसलाई ग्रहण गर्दछन्। र जब वचनको कारणले तिनीहरू संकट अनि खेदोमा पर्छन् झट्टै तिनीहरूले विश्वास छोडिदिन्छन्।

यिनीहरुमा बिश्वास त छ तर यिनीहरुको बिश्वासमा एउटा समस्या छ । यिनीहरु परमेश्वरको बचन सुन्नलाइ एकदम खुसि हुन्छन् र मण्डली खुसि साथ आउछन् तर केहि समय पछि यिनीहरु हराउछन् मण्डली नै आउदैनन् । परमेश्वरको बचनको कारण हामीहरुको जीवनमा संकट र सतावट यि दुइ कुराहरु आउछन् ।

१ पत्रुस १:६-७ 6 यसले तिमीहरुलाई अत्यन्त सुखी तुल्याउनु पर्छ यद्यपि क्षणिक समयकोलागि सबै प्रकारको कष्ट भोग्दा तिमीहरुलाई दुखी बनाँउछ।
7 यी दुख-कष्टहरु किन हुन्छन्? तिमीहरुको विश्वास शुद्ध छ भनी प्रमाण गर्नु। विश्वासको शुद्धतामा सुन भन्दा अधिक मूल्य छ। सुनको शुद्धता अग्निद्वारा प्रमाणित गर्न सकिन्छ, तर सुन नष्ट हुन्छ। जब येशू ख्रीष्ट आउँछन् विश्वासको शुद्धताले तिमीहरुमा प्रशंसा, महिमा अनि सम्मान ल्याउनेछ।

हाम्रो बिश्वास अतिनै मुल्यवाण छ । जब इजरायलीहरु मिश्र देश बाट बाहिर निक्लेर आउदा परमेश्वरको चमत्कार देख्दा अतिनै खुसि थिए । मान्छेहरु गाना गाउन नाच्न थाले तर तिन दिनको पछि पानी छैन , खानको लागी रोटि छैन । मासु छैन । उजाड स्थानमा परमेश्वरले यिनीहरुलाइ यिनीहरुको बिश्वास को परिक्षा गर्नको लागी लैजानु भयो । मोसाको बचनमा बिश्वास राखेर थुमाको रगत देखि निक्लेर आएका मान्छेहरुको जीवनमा समस्या आयो । त्यस पछि  उनीहरुको खुसि गनगनमा परिणत भयो । त्यसै गरी हामी पनि परमेश्वरको बचनमा बिश्वास गरेर येशुको रगत द्वारा संसार बाट निक्लेर आए पछि परमेश्वर हामीलाइ उजाड स्थानमा मतलब हाम्रो जीवनमा परिक्षा लिएर आउनुहुन्छ ।

युहन्ना १६:३३ 33 "मैले तिमीहरूलाई यी कुराहरू भनेको छु ताकि तिमीहरूलाई ममा शान्ति रहोस्। यस संसारमा तिमीहरूलाई संकट हुनेछ। तर साहसी बन। मैले संसारलाई पराजित गरेको छु।"

जसले नयाँ जीवन पाएको छ त्यसलाइ यो संसारमा र येशु बाहेक काहि पनि शान्ति हुदैन । संसारको मान्छेहरु जसले सैतान संग सम्झौता गर्छ तिनीहरुलाइ यस संसारको क्षणिक शान्ति मिल्छ तर हामीलाइ जसले येशुलाइ बिश्वास गरेको छ उसलाइ यस संसारमा संकट हुनेछ । येशुले भन्दैहुनुहुन्छ त्यो संकटमा साहस गर येशुले संसारलाइ बिश्वास द्वारा जित्नुभएको छ ।

१युहन्ना ५:४ 4 किनभने हरेक मानिस जो परमेश्वरको बालक हो, उसित यो संसारको विरुद्ध विजय गर्ने शक्ति हुन्छ
5 यो हाम्रो विश्वास हो जसले संसारलाई विजय गरेको छ। यसर्थ त्यो को मानिस हो जसले संसारमा वियज प्राप्त गर्छ? केवल त्यही व्यक्ति, जसले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ। परमेश्वरले हामीलाई उहाँको पुत्रको बारेमा भन्नु भयो

जसले येशु माथि बिश्वास गर्छ त्यसले संसार माथि बिजय प्राप्त गर्दछ । जब यस संसारमा येशु हुनुहुन्थ्यो उहाँ ३० शाल सम्म पुरा पिताको कामको लागी तयारीमा बस्नु भयो । जसले गर्दा जब उहाँ ३० शालको पछि संसारको र सैतानको युक्तिको बिरुद्धमा खडा भएपछि उहाँ हल्लिनु भएन । येशुले सबै दुष्ट कुराहरु माथि बिश्वास द्वारा जित्नुभयो । मन द्वारा बैज्ञानिक बुझ्छन् तर बिश्वासीहरु हृदय बाट बुझ्छन् । येशुले कसरी रोग निको पार्नु भयो हामीलाइ थाहाँ छैन पत्रुसले समुन्द्र माथि कसरी हिड्यो आज सम्म बैज्ञानीकहरुले पत्ता लाएका छैनन् तर हामीले यि सबै कुराहरु बिश्वासमा नै बुझ्यौ । पत्रुसले तपाइ हो भने म आउछु भन्दा येशुले आँ भन्दा बिश्वासमा उ पानी माथि हिड्यो । जब ठुलो तुफान आउदा जुन जुन रुखको जरा बलियो छ त्यो त्यो रुख जति नै आधि बेहेरी आए पनि त्यो अडि नै रहन्छ । लड्दैन तर जुन जुन रुखको जरा बलियो संग जमिनमा गाडिएको छैन त्यो रुखहरु लड्छन् । युसुफको घरमा समस्या आउदा सबै लडे तर युसुफ त जस्तो सुकै समस्यामा पनि खडा नै थियो । हाम्रो बिश्वास दरो छ कि छैन अहिले नै थाहाँ हुन जरुरी छ जीवनको अन्तमा थाहाँ पायौ भने ढिला हुन्छ । धनी मान्छे र लाजरसको कथालाइ हेर्दा त्यो धनी मान्छेले माथि गएपछि मात्र  थाहाँ पायो कारण जीवनमा संकट थिएन जसले गर्दा ढिला भयो र उ संग मन फिराउने समय पाएन र नरकमा नै अनन्त जीवन बिताउनु पर्‍यो ।

मर्कुस ४:१८-१९ 18 अरू मानिसहरू काँढाघारीमा परेको बीऊहरू जस्तै हुन, तिनीहरू वचनहरू सुन्द्छन्।
19 अनि यी कुराहरू तिनीहरूका जीवनमा आइपर्छ जीवनको चिन्ता, रूपियाँ पैसाको लालच, अनि अरू त्यस्तै थोकहरूको चाहना। यस्ता कुराहरूको कारणले वचनहरूको विकास हुन सक्तैन। अनि वचनहरू तिनीहरूका जीवनमा फलदायी पनि हुँदैनन्।

यिनीहरु सबै जना बचन सुन्छन् । यहाँ ३ वटा कुराहरु लेखेको छ । पहिलो संसारको फिकि दास्रो पैसाको लोभ र तेस्रोमा संसारको थोकको लोभ बचन त भित्र आयो  बिउ पनि ठिक छ ।

मत्ति ६:३१ 31 यसर्थ फिक्री गर्दै यसो नभन, 'हामी के खाऔंला? वा हामी 'के लगाउँला?
32 परमेश्वरमा विश्वास नगर्नेहरूले मात्रै यी कुराहरू पाउने इच्छा गर्दछन्। यसकारण फिक्री नगर, किनभने स्वर्गमा बस्नुहुने पिताले तिमीहरूलाई यी सबै थोकको आवश्यक छ भनी जान्नुहुन्छ।

परमेश्वरको बचनले भन्दछ कि के खाऔला , के पिऔला फिकी नगर । फिकी हाम्रो हृदयमा भित्र हुन्छ ।

रोमी १०:८ [8]धर्मशास्त्रले यसरी भन्छः "परमेश्वरको शिक्षा तिमीहरूको नजिक छ, त्यो तिम्रो मुखमा र तिम्रो हृदयमा छ।"यो शिक्षा विश्वासको शिक्षा हो जुन हामी प्रचार गर्छौं।

मेरो मनमा एउटा फिकी छ । जब सम्म मुख खोलेर त्यो फिकी को बारेमा बोल्दैनौ भने त्यसमा जीवन हुदैन । मुख खोल्दा फिकीको अनुसार होइन बिश्वास को अनुसार बोल्नु पर्छ । बिश्वास भन्नाले परमेश्वरले बोलेको बचनको माथि बिश्वास राख्नु हो किनभने परमेश्वरको बचन सत्य र त्यसमा जीवन छ । हाम्रो आखाँ , मन र कान संसारको देखिने कुरामा ध्यान दिन्छ तर हाम्रो हृदय सत्य मा नै ध्यान दिनु पर्छ । बास्तबिकता मेरो शरीरमा एउटा रोग छ यो हो वास्तविकता र येशुले मेरो रोग बोक्नुभयो र मेरो रोग सधाको लागी मेरो शरीर बाट हटेर गयो यो हो सत्य । पावलले यसरी भन्छन् । सत्यताको बिरुद्धमा झुट नबोल् । यदि म मेरो हृदयको फिकी को अनुसार म बोल्छु भने म सत्यको बिरुद्धमा बोल्छु । किनभने परमेश्वरले भन्नुहुन्छ म तिम्रो सबै आबस्यकहरु परिपुर्ति गर्छु यो हो सत्य ।

२पत्रुस १:३ [3]येशूसित परमेश्वरको शक्ति छ। उहाँको शक्तिले हामीलाई जीउनु अनि परमेश्वरको सेवा गर्नु चाहिएको हरेक चीज प्रदान गेरको छ। हामीसित यी कुराहरु छन्, किनभने हामी उनलाई जान्दछौं। येशूले उहाँको महिमा अनि भलोपनद्वारा हामीलाई आह्वान गर्नुभयो।

हामीलाइ जीवन जीउनको लागी जे जे चाहिन्छ परमेश्वरले दि सक्नुभएको छ । र पनि हाम्रो जीवनमा फिकी आउछ भने हामीले सत्यलाइ बिश्वास गरेर हिडेका छौ कि वास्तबिक्तामा बिश्वास गरेर हिडेका छौ ? हामीलाइ परमेश्वरले वास्तबिक्तामा जीउनको लागी बोलाउनु भएको होइन हामीलाइ सत्यमा जीउनको लागी बोलाउनु भउको हो ।

अयुब २:१० [10]अय्यूबले आफ्नो पत्नीलाई जवाफ दिए, "तिमी एक मूर्ख आईमाई जस्तै बोल्दैछौ। परमेश्वरले हामीलाई असल कुराहरू दिनुभयो, अनि हामीले तिनीहरू ग्रहण गर्यौं। यसकारण हामीले संकटहरू पनि ग्रहण गर्नपर्छ।" नाना किसिमका घटनाहरू घटे। तर अय्यूबले पाप काम गरेनन्। उनले परमेश्वरको विरूद्ध बोलेनन्।

अयुबले आफ्नो बोलेको कुरामा पाप गरेनन् । अयुबको जीवनमा ठुलो संकट आयो । र पनि उसले मुख खोलेर पाप गरेनन् मतलब उसले फिकीको अनुसार बोलेनन् उसले बिश्वासमा बोल्यो । पछि फिकी आयो ।

३:१ ब अय्यूबले आफ्नो मुख खोले अनि आफू जन्मेको दिनलाई धिक्कार्न लागे।

त्यस पछि उसको जीवनमा संकट आयो र परमेश्वर आएर मुख बन्द गर् भनेर भन्न पर्यो । बिश्वास सुनाइ बाट आउछ फिकी पनि सुनाइ बाट आउछ अनि मनमा बिश्वास गर्छ त्यस पछि मुख खोलेर अबिश्वास का कुराहरु बोल्छ । उत्पत्तिको १ मा परमेश्वरको एउटा ब्यबस्था छ र गलाती को ६ मा आएर अहिले पनि त्यहि ब्यबस्था चल्दैछ । संसारिक आखाँले हेरेर रोप्यौ भने त्यहि अनुसार हामीले फल पाउछौ । आत्माको अनुसार रोप्यौ भने आत्माको अनुसार नै फल पाउछौ ।

यहोशु १:८ 8 त्यस व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू सदैव याद राख। दिन-रात त्यस पुस्तकको अध्यान गर। तब तँ त्यसमा लेखिएका कुराहरू पालन गर्न निश्चित हुने छस्। यदि तैंले यसो गरिस् भने तँ ज्ञानी बन्ने छस् अनि तैंलेजे कुरा गर्छस् त्यसमा सफल हुने छस्।

यो पुस्तक भनेको परमेश्वरको ब्यबस्था हो । यो ब्यबस्थामा दिन रात ध्यान दिएर यहि अनुसार गरेमा तिम्रो जीवनमा सफलता आउनेछ । येशुले बोलेको सबै दृष्टान्तहरु बुझ्नको लागी यो ब्यबस्था बुझ्न जरुरी छ होइनभने येशुले बोलेको केहि पनि बुझ्न सकिदैन । बिउ परमेश्वरको बचन हो र बिउ छर्ने जमीन मान्छेको हृदय हो । सैतान पनि बिउ छर्ने किसान हो । सैतान पनि आएर बिउ लगाउछ ।

मर्कुस ४:१८- [19]अनि यी कुराहरू तिनीहरूका जीवनमा आइपर्छ जीवनको चिन्ता, रुपियाँ पैसाको लालच, अनि अरू त्यस्तै थोकहरूको चाहना। यस्ता कुराहरूको कारणले वचनहरूको विकास हुन सक्तैन। अनि वचनहरू तिनीहरूका जीवनमा फलदायी पनि हुँदैनन्।
[20]अरू मानिसहरू मलिलो माटामा रोपिएका बीऊहरू झैं हुन्छन्। तिमीहरू वचन सुन्दछन् ग्रहण गर्दछन् अनि वचनहरू तिनीहरूमा बढदछन् र फल दिने योग्य हुन्छन् केहिले तीस गुणा, केहिले साठी गुणा, अनि केहिले सय गुणा सम्म।"

धनको लोभ आए पछि हाम्रो आत्मा को आखाँ बन्द हुन्छ । अब्राहाम हारान बाट निक्ल्यो बाबा मर्‍यो परमेश्वर फेरी आएर भन्नुभयो यहाँ बाट फेरी निक्लेर प्रतिज्ञाको देशमा जा त्यस पछि लोत पनि उ संग गयो प्रतिज्ञाको देशमा गयो अनिकाल आयो अनिकाल बिश्वासको परिक्षा हो मिश्र देशमा गयो परिक्षा आयो श्रीमतीलाइ बहिनी हो भन्यो राजाले उसको श्रीमती लगेको कारणले उसले उन्नत्ति पायो । परमेश्वरले सारालाइ राजाको हात देखि निकालेर अब्राहामलाइ फर्काएर दिनुभयो । मिश्र देश देखि प्रतिज्ञाको देशमा आए पछि धेरै उन्नति पायो । त्यस पछि लोत र अब्राहामको बिचमा धनको लोभको कारण मन मुटाब आयो परमेश्वरले को बिश्वासमा चल्छ भनेर जाचँ गनैको लागी यो परिक्षा लिएर आउनुभयो । अब्राहामले लोतलाइ भने तिमी मेरो नातेदार भएको कारण तिमी चुन जुन तिमीलाय मन पर्छ तिमी पहिला छानेर लिएर जाउ । त्यस पछि थाहाँ भयो धनको लोभ लोतको जीवनमा थियो । लोतले धनको लोभको कारण हेर्दा खेरि हरियो जगा चुनेर गयो । लोतमा बिश्वास थियो तर जब प्रतिज्ञाको देशमा आए पछि धन आयो र धनको लोभले गर्दा बिश्वासको आखाँले देख्न सकेन । र उसले सोच्यो धेरै राम्रो जगा चुने र अन्तमा त सदोम गमोरा पो पर्‍यो । हाम्रो जीवनमा नसुनेको कुरा र नदेखेको कुरामा आशा हुन सक्दैन । हाम्रो आशा सबै हामीले सुनेको कुरामा हो । जब परमेश्वरले आदमलाइ भन्नुभयो तिमीले सबै रुखहरु देखि फल खान सक्छौ तर एउटा असल र खराब रुखको फल चाहि नखानु जुन दिन खान्छौ तिमीहरु निस्चय नै मर्नेछौ त्यो कुरा आदम र हब्वाले सुने र त्यो खाएनन् त्यस पछि एक दिन सैतान आएर भन्छ तिमहिरु कदापि मर्ने छैनौ बरु तिमीहरु परमेश्वर जस्तै हुनेछौ । त्यो सुने पछि उनीहरुको जीवनमा अर्कै आशा आयो । आकानको जीवनमा पनि त्यस्तै भयो । आशा राख्नु नराम्रो होइन परमेश्वरले आकानलाइ भन्नुभएको थियो बेबिलोन बाट केहि पनि नलिनु र जलाइदिनु तर आकानमा पनि लोभ को आत्मा आयो र बेबिलोनको सुन र सामान लुकायो । आशा राख्नु खराब होइन तर परमेश्वरको बिरुद्धमा काम गर्नु असल होइन । सबैको एउटा समय छ नानीहरुको लागी पनि एउटा समय छ त्यो समय भन्दा पहिला कति कुरा नानीहरुलाइ हामी दिन सक्दैनौ । पुरुषहरुले ध्यान दिनु पर्छ लोतले गलत जगा चुनेको कारण उसको बशं नास भयो त्यसै गरी आकानले परमेश्वरले भनेको कुरा मानेन जसले गर्दा उसको पनि बशं नै नास भयो । सैतानले यहि तिन कुरा लिएर हाम्रो जीवनमा नास गनैलाइ ल्याउछ । फिकी , धनको लोभ र थोकहरुको लालच । बिउ त असल हो जमिन पनि मलिलो थियो आयो रोप्यो छिटो उम्र्यो त्यस पछि सैतानले तिन कुराहरु लिएर आउदा बिश्वासको ढालले रोकेन र सबै सैतानले चोरेर लग्यो ।

मर्कुस ४:११ [11]येशूले भन्नुभयो, "खाली तिमीहरूले मात्र परमेश्वरको राज्यको रहस्य बारे जान्नसकछौ। तर अरू मानिसहरूलाई म दृष्टान्तहरू भनेरै सबै कुरा सिकाउँछु।

हामीलाइ दृष्टान्तमा बोल्नु पर्दैन बाहिर को मान्छे संग हो दृष्टान्तमा बोल्ने । नानीहरुलाइ कुनै कुरा सिकाउनु पर्‍यो भने काहानी बाट भन्नु पर्छ । परमेश्वरको राज्यको बारेमा हामीलाइ भन्नु पर्दा परमेश्वरले हामीलाइ १० कहानी भनेर भन्नु पर्‍यो भनेत हामी अझै पनि बालक नै हौ । दृष्टान्तको पनि समय छ अब त त्यो पार गरेर परमेश्वरको रहस्यमय कुराहरु सिक्दै जानु पर्छ ।

मर्कुस ४:२० [20]अरू मानिसहरू मलिलो माटामा रोपिएका बीऊहरू झैं हुन्छन्। तिमीहरू वचन सुन्दछन् ग्रहण गर्दछन् अनि वचनहरू तिनीहरूमा बढदछन् र फल दिने योग्य हुन्छन् केहिले तीस गुणा, केहिले साठी गुणा, अनि केहिले सय गुणा सम्म।"

असल जमिन पनि छ । उनीहरुले पहि बचन सुन्छन् र बिश्वासका साथ ग्रहण गर्छन् । यो बचनमा लेखेको हाम्रो जीवनमा धेरै कुराहरु हुदैनन् र पनि हामी बिश्वास गर्छौं कि यो सत्य हो । हामी एउटा ब्यक्ति लाइ स्वीकार गरेर उसको बचन अस्वीकार गर्न सक्छौ । मार्थाले येशुलाइ ब्यक्तिको रुपमा स्वीकार गरीन् तर उहाँको बचनलाइ अस्वीकार गरीन् । येशुले भन्नुभयो मार्था तिमीले भन्दा मरियमले असल गरिन् किनभने उनले मेरो बचन स्वीकार गरीन् । त्यसैले हामीले येशु र उहाको बचन दुबै स्वीकार गर्नु पर्छ ।

मत्ति १३:२३ [23]तर मलिलो जमीनमा झरेका बीऊहरू चाहिं के हुन्? ती बीऊहरू ती मानिसहरू जस्तै हुन् जसले उपदेश सुन्छ र त्यसलाई बुझ्दछ। त्यो बीरूवा उम्रन्छन् अनि कहिले सयगुणा ज्यादा, कहीले साठी गुणा ज्यादा, र कहिले तीसगुणा अधिक फल फलाउँछन्।"

परमेश्वरको बचन पहिला स्वीकार गर्छ र त्यसपछि बुझ्छ ।

लुका ८:१५ [15]अनि त्यो राम्रो जमीनमा परेको बीऊहरू चाँहि के होला? तिनीहरू पनि ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको वचनलाई असल र इमान्दार मनले सुन्छन्। तिनीहरू परमेश्वरको वचन पालन गर्दछन् अनि धैर्यसंग राम्रो फलहरू पनि फलाउँछन्।

किसानले त्यसै जमिनमा बिउ लगाउदैन पहिला जमिनलाइ खनेर त्यहाँ भएको सबै चिजहरु निकालेर सफा बनाएर माटो मिलाएर त्यस पछि मात्र बिउ लगाउछ । परमेश्वरको बिउ रोप्नलाइ निस्कपट हृदय चाहिन्छ । नथानियलको हृदय पनि निस्कपट थियो । शुले भन्नुभयो नथानियल यो अन्जिरको रुखको मुनि मैले तिमीलाइ देखे भन्दा खेरि नथानियलले भन्यो हजुर प्रभु । निस्कपट हृदयमा छिटो परमेश्वरको बिउ उम्रिन्छ ।

फिलिपी ४:४ [4]सँधै प्रभुमा आनन्द गर, म दोहोर्‍याउँछु आनन्दित होऊ।
[5]मानिसहरूले देखुन् कि तिमीहरू नम्र र दयालु छौ। प्रभु चाँडै आउनु हुनेछ।
[6]कुनै कुराको फिक्री नगर। बरु चाहिएको हरेक कुराकोलागि परमेश्वरलाई अन्तरबिन्ती र प्रार्थना गर। अनि प्रार्थना गर्दा परमेश्वरलाई धन्यवाद देऊ।
[7]परमेश्वरले दिएको शान्तिले तिमीहरूको मन र हृदयलाई येशू ख्रीष्टमा सुरक्षीत राख्नेछ। शान्ति जो परमेश्वरले दिन्छन्, यति महान हुन्छ कि हामी बुझ्न सक्दैनौं।
[8]दाज्यू-भाइहरू र दिदी-बहिनीहरू हो, जुन-जुन कुराहरू अति राम्रा र प्रशंसा गर्न लायकका छन् त्यसै बारे सोच। जुन-जुन कुराहरू सत्य र माननीय पवित्र र उचित, सुन्दर र आर्कषणीय छन् तिनैको मात्र विचार गर।
[9]जुन कुराहरू तिमीहरूले सिक्यौ, ग्रहण गर्‍यौ, सुन्यौ र ममा देख्यौ, ती कुराहरू गर!ख्रीष्टिय धर्मी फिलिप्पीहरूलाई पावलबाट धन्यवाद

यहाँ तिन वटा कुराहरु लेखेको छ एउटा हामीहरुको बोलि यस्तो हुनुपर्छ । धन्यबादको साथ तिमीहरुको प्रार्थना र मनको बिसोच बिचारहरु यस्तो हुनुपर्छ । त्यस पछि शान्तिको परमेश्वर हामीहरु मा नै हुनुहुन्छ । मान्छेको जीवनमा एउटा युद्ध जिते पछि आउछ । त्यसै गरी एउटा बिश्वासीको जीवनमा संसारीक कुराहरु र अन्धकारका शक्तिहरु मथि जिते पछि बिश्वासको लडाइ जिते पछि शान्तिको जीवन आउछ ।

लुका ८:१५ [15]अनि त्यो राम्रो जमीनमा परेको बीऊहरू चाँहि के होला? तिनीहरू पनि ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको वचनलाई असल र इमान्दार मनले सुन्छन्। तिनीहरू परमेश्वरको वचन पालन गर्दछन् अनि धैर्यसंग राम्रो फलहरू पनि फलाउँछन्।

आज रोप्यो भोलि पाक्ने कुरा होइन यो धैर्य साथ फल फलाउनु पर्छ ।

याकुब ५:७-८ [7]दाज्यु-भाइ अनि दिदी बहिनीहरू, धैर्य धारण गर, प्रभु येशू आउनु हुँदैछ। यसर्थ, त्यस समयसम्म धैर्य- धारण गर। कृषकहरू खुबै धैर्यवान छन्। कृषकले बहुमूल्य अन्न भूमिबाट उम्रनका निम्ति प्रतीक्षा गर्छ। कृषकले धैर्य साथ आफ्ना फसलले प्रथम वृष्टि अनि अन्तिम वृष्टि प्राप्त नगरून्जेल प्रतीक्षा गर्छ।
[8]तिमीहरू धैर्यवान हुनुपर्छ। आशा नमार। प्रभु येशू चाँच्चै आउनु हुँदैछ।

परमेश्वरको दोस्रो आगमण सम्म धैर्य धारण गर्नु पर्छ । जस्तो किसान पर्खिरहन्छ त्यस्तै हामी पनि पर्खिनु पर्छ । यो एउटा उत्पत्तिको १ र २ अध्यायमा दिएको एउटा प्रतिज्ञा हो हर चिजको लागी एउटा समय छ । रोप्नेको एउटा समय छ र धैर्य गरेर बस्ने एउटा समय छ र कटनीको एउटा समय छ । किसानलाई उसको फल पाक्ने समय थाहाँ हुन्छ तर हामीलाइ हाम्रो परमेश्वरको समय थाहाँ छैन । परमेश्वरले युसुफको लागी १३ शाल , दाउदको लागी करीब १४ शाल , एलिशाको लागी १८ शाल हर ब्यक्तिको लागी परमेश्वरले अलग अलग समय राखेको छ त्यो हामीलाइ थाहाँ हुदैन त्यो परमैशवरलाइ मात्र थाहाँ हुन्छ ।

१कोरिन्थी ३:६ [6]मैले बिउ रोपें अनि अपोल्लोसले त्यसमा पानी हाले। तर परमेश्वरले बिरूवालाई बढाउनु भयो।

पवलले रोप्यो परमेश्वरले बढाउनु भयो । पानी पावलले हाले त्यो पानी परमेश्वरको बचन हो । कति जनाले रोप्छन् बिउ त असलनै थियो तर पानी हाल्दैनन् । आइतबार आइतबार मात्र पानी हाल्यो भने पानी पुग्दैन र त्यो सुक्छ र बढ्दैन । त्यो पनि आधि घण्टा मात्र पानी हालेर हुदैन । हर दिन आफ्नै जीवनमा पानी हाल्नुको एउटा काम छ । त्यसकारणले परमेश्वरले येहोशुलाइ भन्नुहुन्छ अब तिमी नयाँ जीवनमा प्रवेश गर्नलाइ जादैछौ तिमीलाइ मेरो बचनले साहस दिन्छ त्यसैले मेरो बचन माथि दिन रात ध्यान राख । तिम्रो बोलिमा , काममा हर समयमा मेरो बचन अनुसार गर । धेरै संकटहरु आउछन् त्यति खेर नडरा मेरो बचनले तिमीलाइ सान्त्वना दिन्छन् । विश्वास गर्ने मान्छेले परमेश्वरको सत्य र उहाँको अनुग्रहलाइ स्वीकार गर्छ र त्यसको तृष्णा गर्छ । ब्यबस्था मोशा द्वारा आयो अनुग्रह र सत्य लिएर येशु आउनु भयो । त्यो सत्य र अनुग्रह बिश्वास द्वारा मात्र पाउन सक्छौ ।

*प्रार्थना*

*प्रभु धन्यबाद धन्यबाद धन्यबाद हाम्रो विश्वास हाम्रो आशाको सबुत हो प्रभु। हाम्रो आशा तपाइको बचन अनुसार होस् प्रभु । यदि हाम्रो आशा तपाइको बचन देखि बाहिर को हो भने त्यसले हाम्रो जीवनमा निरासा मात्र ल्याउछ प्रभु । तपाइको बचनलाइ दिन रात सुन्ने र सुनेर त्यस अनुसार आफ्नो जीवनमा लागु गर्नको लागी तपाइको अनुग्रह दिनुहोस् प्रभु यो सबै प्रार्थना चढाउछु येशु मशिहको नाममा आमेन*